# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40 hrs 12.06.2024

## एसेम्ली सेसन

एघारौं सिक्किम विधानसभाको पहिलो अधिवेशन आज गान्तोमा बस्यो।
यसमा सर्वप्रथम कार्यवाहक अध्यक्ष श्री सञ्जीत खरेलले बत्तीस सदस्यीय विधानसभामा नवनिर्वाचित बत्तीसजना विधायकहरूलाई शपथ ग्रहण गराउनुभएपछि विधानसभा अध्यक्ष र उपाध्यक्षको निर्वाचन भयो।
सदनले सर्वसम्मितद्वारा श्री मिङमा नर्बु शेर्पालाई एघारौं विधानसभाका अध्यक्ष र श्रीमती राजकुमारी थापालाई उपाध्यक्ष निर्वाचित गर्यो।
श्रीमती राजकुमारी थापा सिक्किम विधानसभाका पहिलो महिला उपाध्यक्ष हुनुभएको छ।
उपाध्यक्ष चयन भएपछि आफ्नो संक्षिप्त सम्बोधनमा श्रीमती राजकुमारी थापाले यस जिम्मेवारीका लागि सदनका नेता तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामङप्रति कृतज्ञता प्रकट गर्नुभयो र आफ्नो कर्तव्य र दायित्वलाई इमान्दारी तथा निष्ठापूर्वक पालन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।
एसकेएम प्राटीको सरकारको दोस्रो कार्यकालको पहिलो विधानसभा सत्रलाई सदनका नेताको रूपमा सम्वोधन गर्दै मुख्यमन्त्री श्री प्रेमसिंह तामङले चुनाउमा एसकेएम पार्टीलाई बिपूल मत दिएर दोस्रोपल्ट सरकार गठन गर्ने अवसर प्रदान गर्ने सिक्किमका जनताप्रति आभार व्यक्त गर्नुभयो।
उहाँले चुनाउको समयमा जनतालाई दिइएको सुनौलो र समृद्ध सिक्किम निर्माणको प्रतिज्ञालाई अक्षरसः पूरा गरिने बचन दिनुभएको छ।
श्री तामङले भन्नुभयो एसकेएम पार्टीको सरकारका लागि प्राथमिकता सिक्किम र सिक्किमे जनता हुन्। मुख्यमन्त्रीले केही दिन प्राकृतिक प्रकोपमा परेर ज्यान गुमाउने व्यक्तहरूप्रति श्रध्याञ्जली अर्पण गर्दै पीड़ित परिवारलाई अनुग्रह राशि र अन्य प्रभावित व्यक्तिहरूलाई आर्थिक सहयोग प्रदान गरिने आश्वासन दिनुभयो।
धन्यवाद प्रस्तावको क्रममा मन्त्री श्री अरूण उप्रेती, विधायक श्री सोनाम छिरिङ भेञ्चोङपा र एकमात्र विपक्षी विधायक श्री तेञ्जिङ लाम्था सहभागी हुनुभयो।
पछि विधानसभा अध्यक्ष श्री मिङमा नर्बू शेर्पाले धन्यवाद ज्ञापनसँगै सदनको कार्यवाही अनिश्चितकालमा लागि स्थगित भएको घोषणा गर्नुभयो।

## पाल्र्यामेन्ट सेसन

अर्कातिर अठारौं लोकसभाको पहिलो सत्र यसै महीना चौबिस तारीकदेखि शुरू हुनेछ। यसमा नवनिर्वाचित सदस्यहरूलाई शपथ ग्रहण गराइनेछ र लोकसभा अध्यक्षको चुनाउ गरिनेछ।
राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले संसदका दुवै सदनलाई सम्बोधन गर्नुहुनेछ र उहाँको अभिभाषणमाथइ चर्चा हुनेछ। राज्यसभाको अधिवेशन पनि यसै महीना सत्ताइस तारीक आरम्भ हुनेछ। संसद सत्र आँउदे महीना तीन तारीक समाप्त हुनेछ।
संसदीय मामिला मन्त्री श्री किरेन रिजिजूले एउटा सोशल मीडिया पोष्टमा यस्तो जानकारी दिनुभएको छ।

## मेघालय मिनिस्टर मिट्स गभर्नर एंड सिएम

मेघालयका पशुपालन तथा पशुचिकित्सा सेवा मन्त्री श्री अलेक्जाण्डर लालू हेकले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित शिष्टाचार भेट गर्नुभयो।

भेटघाटका बेला राज्यमा पशुपालन तथा दूध उत्पादन विकास क्षेत्रमा गरिएको पहल र नवाचारबारे चर्चा गरियो।

श्री हेकले आज मुख्यमन्त्री श्री प्रेमसिंह तामङसित पनि उहाँको सरकारी निवास मिन्तोगाङमा भेट गर्नुभयो।

श्री तामङले राज्य भ्रमणका लागि मेघालयका मन्त्रीप्रति कृतज्ञता प्रकट गर्नुभयो।

## एसडिएफ

सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीले चुनाउपछि राज्यका विभिन्न ठाँउमा भएका तोड़फोड़का घटनाहरूलाई लिएर पार्टीका केही नेताहरूले हिजो गान्तोक सदर थानामा प्रथम सूचना रिपोर्ट दर्ता गरेका छन्।

यस्तो घटनालाई एसकेएम पार्टीको आधिकारिक बयानको विपरीत बताउँदै एउटा प्रेस विज्ञप्तीमा पार्टीले घटनामा संलग्न हुनेहरू विरूद्ध कानुनी कार्रवाई गर्ने अपील गरेको छ।

यसैवीच पार्टीका उपाध्यक्ष श्री पी डी राई र वरिष्ठ नेताहरूले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित भेट गरी उहाँसमक्ष ज्ञापनपत्र सुम्पिएका छन्।

## अवेर्नेस प्रोग्राम

राज्यको माछापालन विभाग र भारतीय कृषि अनुसन्धान परिषद केन्द्रीय अन्तर्देशीय माछापालन अनुसन्धान संस्थान आईसिएआर-सिआईएफआरटी को संयुक्त तत्वावधानमा हिजो गान्तोकमा जागरूकता तथा औजार वितरण कार्यक्रम आयोजित गर्यो।

सिक्किममा सजावटी मत्स्यपालनलाई प्रोत्साहित गर्ने उदेश्यले आयोजना गरिएको कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै माछापालन विभागकी सचिव श्रीमती रोशनी राईले सिक्किममा आर्थित वृद्धि र रोजगारका लागि उल्लेखनीय क्षमता भएको बढ़दो उद्योगको रूपमा सजावटी माछापालनको महत्वबारे प्रकाश पार्नुभयो।

उहाँले राज्यमा माछापालन क्षेत्रलाई अघि बढाउनमा सहयोग र तकनिकी मार्गदर्शनका लागि आईसिएआर-सिआईएफआरआई प्रति आभार प्रकट गर्नुभयो।

कार्यक्रममा बोल्दै केन्द्रीय अन्तर्देशीय माछापालन संस्थानका निदेशक डा. बी के दासले लगातार अनुसन्धान तकनिकी सहायता र क्षमता निर्माण पहलद्वारा सिक्किममा माछापालनलाई सहयोग गर्ने संस्थानको प्रतिवद्धता दोहोर्याउनु भयो।

यस अवसरमा विभिन्न जिल्लाका माछापालकहरू उपस्थित थिए।

कार्यक्रममा बाउन्नजना माछापालकहरूलाई सजावटी माछापालन शुरू गर्नका लागि फाइवरयुक्त प्लास्टिक ट्याङ्की र अन्य सामग्रीहरू वितरण गरियो।

यसै वर्षको आरम्भमा थालिएको वितरण प्रक्रिया अन्तर्गत सोरेङ, गेजिङ, नाम्ची र मंगन जिल्लालाई समावेश गरिएको थियो।